नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

आज मिति २०७८ आश्विन १ गते नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीज्यूको प्रमुख आतिथ्यतामा राजस्व अनुसन्धान विभागको आ.व. २०७७/०७८ को वार्षिक समीक्षा गोष्ठी सम्पन्न भयो । गोष्ठीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, भन्सार विभाग, आन्तरिक राजस्व विभाग तथा सुरक्षा निकाय तथा निजी क्षेत्र समेतको उपस्थिति रहेको थियो । विहान ९:०० बजेदेखि विभागको हलमा सुरु भएको गोष्ठीको समुद्घाटन विशेष अतिथि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री भरतमणि सुवदीले गर्नु भएको थियो । विभागको त्रैमासिक अनुसन्धान बुलेटिन लोकार्पण गर्नु हुदै कार्यक्रमका प्रमुख अतिथी नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यूले आफू विभागको साथमा रहेको उल्लेख गर्नु भयो । साथै अनुसन्धानलाई प्रविधि मैत्री वनाउन जोड दिनु हुदै उहाँले कानून, नियम, कार्यविधिमा सुधार, समन्वय, क्षमता विकास, अनुगमन, प्रतिवेदन र आमसंचारसंग अन्तरक्रिया गर्ने विषयमा ध्यान दिन निर्देशन गर्नु भयो र उदाहरणीय कार्यको लागि शुभकामना व्यक्त गर्नु भयो ।

उद्घाटन सत्रमा विशेष अतिथि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री भरतमणि सुवदीज्यूले शुभकामना मन्तव्य दिदै राजस्व चुहावट नियन्त्रण र विदेशी विनिमय अपचलन नियन्त्रणका लागि अन्तर निकायगत आवद्धता र समन्वय राखेर काम गर्न निर्देशन दिदै संघीय संरचना बमोजिम संगठन संरचनामा पुनरावलोकन गर्नुपर्ने र जोखिममा आधारित भई अनुसन्धान गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । कार्यक्रमका अध्यक्ष तथा विभागका महानिर्देशक राम प्रसाद आचार्यज्यूले सहाभागी महानुभावहरुलाई धन्यवाद दिनु हुदै VCTS कार्यान्वयनमा सहयोग गरेकोमा निजीक्षेत्रप्रति सम्मान व्यक्त गर्नु भयो । उहाँले राजस्व चुहावट तथा विदेशी विनीमय अपचलन जस्ता कानुन विपरितका कार्यलाई हतोत्साही गर्न सम्वन्धित निकायहरुवीच समन्वय राखेर कार्य गर्ने र अनुसन्धानलाई प्रभावकारी वनाउदै लैजाने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव श्री रामेश्वर दंगालले अपराधिक कार्य कुन हो ? भन्ने छुट्याएर सोमा अनुसन्धान केन्द्रित गर्नुपर्ने धारणा राख्दै अदालतबाट भएको फैसला अध्ययन गरेर

सोही बमोजिम अनुसन्धानको रणनीति अद्यावधिक गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । कार्यक्रममा सहभागी निजि क्षेत्रका प्रतिनिधिहरु नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु कुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्ल र नेपाल उद्योग वाणिज्य महासंघका कर समिति सह-सभापति सन्दिप कुमार अग्रवालको सहभागिता थियो । उहाँहरुले आफ्नो धारणा राख्दै उद्योगी र व्यापारीको प्रतिष्ठामा आँच नआउने गरी अनुसन्धान गर्न र अनौपचारिक अर्थतन्त्रको न्यूनीकरणमा केन्द्रित हुन सुझाव दिनु भयो । विभागको तर्फबाट उपमहानिर्देशक श्री शिवलाल तिवारीज्यूले आ.व. २०७७/०७८ को समग्र प्रगति विवरण प्रस्तुत गर्नु भयो ।

बन्द सत्रमा विभाग अन्तर्गतका ४ वटा कार्यालयहरुको तर्फबाट छुट्टाछुट्टै तथा विभागबाट राजस्व चुहावट र विदेशी विनिमय अपचलन नियन्त्रणका सम्बन्धमा प्रस्तुती र छलफल भएका थिए ।

विभागका महानिर्देशक तथा कार्यक्रमका अध्यक्ष श्री रामप्रसाद आचार्यले छलफलमा उठेका विषयहरुमा प्रष्ट पार्दै विभागको तर्फबाट गोष्ठीको निश्कर्षको रुपमा १७ बुँदे प्रतिबद्धता घोषणा गर्नु भयो ।

गोष्ठीमा उत्कृष्ट कार्यालयको रुपमा राजस्व अनुसन्धान कार्यालय बुटवल र उत्कृष्ट कार्य गर्ने विभाग र मातहतका १० जना कर्मचारीहरुलाई पुरस्कार ताथा सम्मान समेत गरिएको थियो ।

मितिः- २०७८/०६/०१

**शिवलाल तिवारी**
**प्रवक्ता तथा उप-महानिर्देशक**
**राजस्व अनुसन्धान विभाग**

**<u>आ.व. २०७७/०७८ को वार्षिक समीक्षा गोष्ठीका तस्विरहरु</u>**


कार्यालय
को वार्षिक
FotoStar


FotoStar


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
अनुसन्धान विभाग
२०७७/०७८ को वार्षिक
FotoStar


FotoStar







